# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १३ ] काठमाडौं, कार्तिक १८ गते २०२० साल [ संख्या २९


श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिम, "घरेलु ग्रामीण र साना उद्योग (हायर पर्चेज) नियमहरू, २०२०" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

देशमा भैराखेको घरेलु ग्रामीण र साना उद्योगहरू वैज्ञानिक रूपले विकास गरी उत्पादन शक्ति बढाउँदै लैजान र नयाँ उद्योगहरूलाई आवश्यकतानुसार मेशिन झिकाई सुविधा दिनुको साथै कार्य दक्षता र उत्पादन शक्ति बढाउँदै लैजान वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ (समय समयमा भएका संशोधनहरू सहित) को दफा ५ को उप–दफा (३) अन्तर्गत घरेलु ग्रामीण र साना उद्योग तालिम तथा विकास समितिले श्री ५ को सरकारको स्वीकृति लिई यो नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "घरेलु ग्रामीण र साना उद्योग (हायर पर्चेज) नियमहरू २०२०" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

(क) "उप–समिति" भन्नाले यी नियमहरू अन्तर्गत गठन गरिएको घरेलु ग्रामीण र साना उद्योग (हायर पर्चेज) उप–समिति सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "ऐन" भन्नाले बिकास समिति ऐन २०१३ (समय समयमा भएका संशोधनहरू सहित) सम्झनु पर्छ,

(ग) "हायर पर्चेज" भन्नाले किस्ता बन्दीमा उद्योगहरूलाई मेशिन र औंजारको बेचबिखन सम्झनु पर्छ,

(घ) "बिभाग" भन्नाले श्री ५ को सरकारको घरेलु ग्रामीण र साना उद्योग बिभाग सम्झनु पर्छ,

(ङ) "समिति" भन्नाले ऐन अन्तर्गत गठन गरिएको घरेलु ग्रामीण र साना उद्योग तालीम तथा बिकास समिति सम्झनु पर्छ,

(च) "उद्योग" भन्नाले घरेलु ग्रामीण र साना उद्योग सम्झनु पर्छ,

(छ) "मेशिन" भन्नाले उद्योगहरूलाई चाहिने मेशिन त्यसको पार्ट पूर्जाहरू तथा ज्यावलहरू समेतलाई सम्झनु पर्छ।

३. उप-समितिको गठनः– यी नियमहरूको प्रयोजनको निमित्त "घरेलु ग्रामीण र साना उद्योग (हायर पर्चेज) उप-समिति" नामको एक उप-समिति गठन गरिने छ, जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहने छन्ः–

| | | |
|---|---|---|
| (क) | बिभागको डाइरेक्टर — — — | अध्यक्ष। |
| (ख) | बिभागको मेशिन शाखाको शाखा प्रमुख — | सदस्य। |
| (ग) | बाणिज्य बिभागको एक जना प्रतिनिधि — | सदस्य। |
| (घ) | हायर पर्चेज फांटका प्रमुख — — | सदस्य सचिब। |

समितिले आवश्यकतानुसार घरेलु ग्रामीण र साना उद्योग बिभाग तथा नेपाल औद्योगिक बिकास कर्पोरेशनका सम्बन्धित प्राविधिक व्यक्तिहरूलाई सल्लाहकार तोक्न सक्ने छ।

४. उप-समितिको कर्तव्य र अधिकारः– (१) समितिको नाममा समितिको तर्फबाट नेपाल अधिराज्यभित्रको उद्योगहरूलाई हायर पर्चेजमा मेशिन झिकाई वितरण गरी उद्योगहरूलाई प्रोत्साहन दिन र उत्पादन शक्ति बढाउने काम उप-समितिको हुने छ।

(२) उप-नियम (१) को प्रयोजनको निमित्त उप-समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) हायर पर्चेजमा मेशिन खरीद गर्न इच्छुक उद्योगहरूको दरखास्तहरू उप-समिति आफैले स्वीकृत गरेको ढांचाको भएका मात्र लिने,

(ख) कुनै पनि दरखास्तउपर विश्लेषण गरी हायर पर्चेजमा मेशिन दिने, नदिने इत्यादि कुराको निर्णय गर्ने,

(ग) कुनै उद्योगसंग हायर पर्चेज सम्बन्धी कारवाही गर्दा आफ्नो पूंजीको संरक्षण गर्न र ठीक काममा लगाउन आवश्यक देखेको शर्तहरू राख्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) हायर पर्चेजमा मेसिन लिनेले सम्झौतानुसार उप-समितिलाई बुझाउनु-पर्ने कुनै रकम पेश्की वा त्यसको कुनै किस्ताको रकम समयमा नबुझाइमा वा समितिको नामले उप-समितिसंग भएको सम्झौताका अरु कुनै शर्त पालन नगरेमा उप-समितिसंग धितो बन्धकी जमानत राखेको निजको सम्पत्ति बिक्री गरी असूल उपर गर्ने,

(ङ) त्यसरी बिक्री गरी आएको रुपैयाँ प्राप्त कर्ता र उप-समितिको बीचमा अर्के सम्झौता भैराखेकोमा बाहेक उपरोक्त बिक्री तथा असूल उपर गर्ने काममा लागेको खर्च दस्तूर दाखिल गर्ने र त्यसपछि समितिलाई तिर्न बाँकी रकमको भुक्तानीमा लगाउने र बक्यौता भएमा बक्यौताको रकम हकवालालाई दिने,

(च) सम्झौतामा जेसुकै लेखिएको भए तापनि उप-समितिले हायर पर्चेजका मेशिन दिएका उद्योगबाट देहायका अवस्थामा आफूले तिर्नुपर्ने जम्मै रकमको भुक्तानी माग्ने:—

(१) हायर पर्चेजको लागि दिएको दरखास्तमा कुनै खास विषयमा झुट्टा वा भ्रमात्मक विवरण दिएको छ भन्ने उप-समितिलाई लागेमा, वा

(२) सम्झौताका शर्तहरू पूरा गर्न नसकेमा।

(छ) उप-समितिले आफूले पाएको अधिकार हायर पर्चेजको काम छिटो छरितो र सुचारुरूपले गर्न उप-समितिको कुनै एक सदस्यलाई सुम्पने,

(ज) उप-समितिले ठहर गरे अनुसार चल्तिमा आउने मेशिन झिकाई हायर पर्चेजमा बिक्री व्यवस्था गर्ने,

(झ) आवश्यकतानुसार श्री ५ को सरकार वाणिज्य विभागले विभिन्न मित्र-राष्ट्रहरूबाट किस्ता भुक्तानी (डिफर पेमेण्ट) मा उद्योगहरूको प्रोत्सा-हन तथा सहुलियतको लागि झिकाउने मेशिन र कच्चा मालहरू यस नियम बमोजिम हायर पर्चेजमा बेचबिखन गर्ने,

(ञ) उप-समितिले चाहेमा कुनै समयमा पनि मेशिन निरीक्षण गर्ने काम कुनै एक व्यक्तिलाई सुम्पने,

(ट) उद्योगहरूले उद्योगको लागि हायर पर्चेजमा लिएको मेशिनको लागि चाहिने किस्ता रुपैयाँ समयभित्र असूल गर्ने,

(ठ) किस्ता नबुझाएको कारणले जफत भएको मेशिन बिक्री गर्ने र यसरी बिक्री भै असूल भएको रुपैयाँबाट पनि समितिलाई कुनै प्रकारको हानि नोक्सानी भएमा पूर्व प्राप्त कर्ताबाट नोक्सानी भराउने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. उप--समितिको कार्यविधिः– (१) उप--समितिको सदस्य सचिवले अध्यक्षको अनुमति लिई आवश्यकतानुसार उप–समितिको बैठक बोलाउने छ। अध्यक्षसमेत अरू सबै सदस्यहरू उपस्थित भएमा मात्र बैठकको कोरम पुगेको मानिने छ। उप–समितिको सदस्यहरूको कुनै कुरामा राय बाझेमा समितिमा पेश गरी ठहर भई आए बमोजिम गरिने छ।

(२) उप–समितिले आफले पाएको अधिकार क्षेत्रभित्र रही आन्तरिक कार्यविधि बनाउन सक्ने छ।

६. हायर पर्चेज कोषः– (१) यी नियमहरू बमोजिम हायर पर्चेज कामको निमित्त उप–समितिका निमन्त्रणमा एक छुट्टै कोष रहने छ। सो कोषमा समय समयमा समितिले तोकिदिए बमोजिमको रकम रहने छ।

(२) उप–नियम (१) मा उल्लिखित हायर पर्चेज कोष उप–समितिको सदस्य सचिव र घरेलु शिल्पकला बिक्री भण्डारको एकाउण्टेण्टको संयुक्त दस्तखतबाट सञ्चालित हुनेछ।

७. पेश्की रुपैयाँः– (१) हायर पर्चेजमा मेशिन किन्ने इच्छुक उद्योगहरूबाट कूल मोलको देहाय बमोजिमको पेश्की लिइने छ र तोकिएको समयभित्र पेश्की रुपैयाँ प्राप्त नभएमा दरखास्तमाथि कुनै कारवाही हुनेछैन। आवश्यकतानुसार समितिले सो दरमा घटबढ पनि गर्न सक्ने छः–

| | | | | |
|---|---|---|---|---|
| रू. १०,०००।– सम्मको अर्डरमा | ---- | १० प्रतिशतको दरले। | | |
| रू. २५,०००।– " " | ---- | १५ | " | " |
| रू. ५०,०००।– " " | ---- | २० | " | " |

तर मेशिन प्राप्त गर्न विशेष समय लाग्ने भएमा विभागले दुई बराबर किस्तामा पेश्की रुपैयाँ लिइने छ। पहिलो किस्ता अर्डर गर्दाखेरि र दोस्रो किस्ता विभागले मागेको १५ दिनभित्र बुझाउनु पर्छ।

(२) उद्योगहरूबाट आएको पेश्की हायर पर्चेज मेशिनरीको मूल्यमा आम्दानी लेखिने छ। मेशिन डेलिभरी गरेको मितिले एक वर्षदेखि ६।६ महीनाको किस्तावन्दीले बांडी हिसाब चुक्ती गरिदिनेछ।

(३) उप–नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योगले हायर पर्चेजमा झिकाइएको मेशिन एकैपटक एकै मुष्ट रकम तिरी लिन चाहेमा सयकडा चारका दरले व्याज लिई निजलाई उप--समितिले सो मेशिन दिन सक्ने छ। तर यसरी लिंदा रिहाई (रिवेट) दिइने छैन।

(४) उद्योगहरूको मञ्जूरी बमोजिम झिकाएको मेशिन उनीहरूले नलिएमा त्यसको निमित्त राखिएको पेश्की रुपैयाँ जफत हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. व्याजको दरः– उद्योगीहरूले लिने रकम (मेशिन) मा उप–समितिले सयकडा साढे छ व्याज लिनेछ। आवश्यकतानुसार व्याजको दर समितिले हेरफेर गर्न सक्ने छ। व्याज निवेदकलाई मेशिन डेलिभरी दिएको मितिदेखि मात्र लिनेछ र उद्योगहरूले सम्झौतानुसार म्यादभित्र आफूले बुझाउनुपर्न रकम फिर्ता गरेमा समितिले चाहेमा बढीमा सयकडा अढाईका दरले रिहाइ (रिबेट) दिन सक्नेछ।

९. भुक्तानी गर्न समय (म्याचूरिटी):– उप–समितिले हायर पर्चेजमा दिएको मेशिनको म्याचूरिटी उद्योगको विशेषता हेरी उप–समितिले निर्धारित गरे बमोजिम हुनेछ।

१०. धितो बन्धकी र जमानतः– (१) उद्योगहरूले उप–समितिबाट लिने ऋणमा कति प्रतिशत धितो बन्धकी वा जमानत लिई मेशिन दिने सो कुरा उप–सिमितिले निर्धारित गर्नेछ।

(२) त्यस्तो धितो बन्धकी वा जमानत बापत उप–समितिले सम्बन्धित उद्योगहरूको मेशिन औजार पनि लिन सक्ने छ।

(३) रू. १०,०००।– दश हजारसम्मको मेशिन हायर पर्चेजमा लिने उद्योगहरूलाई आवश्यक परेमा व्यक्ति जमानी लिई उप–समितिदेले ऋण दिन सक्नेछ।

(४) हायर पर्चेजमा लिने उद्योगहरूको धितो वा जमानत बन्धकी बापत राखिने अचल सम्पत्तिको मूल्य उप–समितिले खटाएको अधिकारीले निर्धारित गरे बमोजिम हुनेछ। धितो बन्धकी वा जमानत बापत राखिने जायज्यथा उप–समितिको स्वीकृति बेगर सट्टापट्टा वा बेचबिखन गर्न नपाउने गरी अगावै शर्तमा तोक्ने छ।

११. सेवा खर्चः– (१) उद्योगहरूले जमानी धनको अतिरिक्त मेशिनको मूल्यको समुद्र पारबाट झिकाउने मेशिनमा सयकडा अढाई र भारत र पाकिस्तानबाट झिकाउने मेशिनमा सयकडा डेढका दरले सेवा खर्चको रूपमा विभागले चार्ज लगाउने छ र सो चार्जरकम किस्ताको साथ असूल गरिने छ। उप–समितिले आवश्यकतानुसार सेवा खर्च थपघट गर्न सक्ने छ।

(२) यदि कुनै उद्योगले सप्लायरसंग कुराकानी गरी हायर पर्चेजमा मेशिन लिन इच्छा गरेमा निजले अन्य खर्चको अतिरिक्त सेवा खर्च पनि दिनुपर्नेछ।

१२. समिति बाध्य नहुनेः– (१) दरखास्तवालाहरूको दरखास्त स्वीकृति गर्न समिति कुनै किसिमको बाध्य हुनेछैन।

(२) स्वीकृत दरखास्तवालाको मेशिन झिकाउन समितिले कोशिश गर्नेछ तर प्राप्त नभएमा अन्य मेशिन झिकाउनेबारे दरखास्तवालासंग छलफल गरी झिकाउने चेष्टा गर्ने छ तर झिकाउनलाई समिति बाध्य हुनेछैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. सूचना दिनुपर्ने:– दरखास्तवाला उद्योगहरूले मेशिन प्राप्त गरिसकेपछि सो मेशिनबारे कुनै कैफियत छ भने प्राप्त गरेको मितिदेखि १५ दिनभित्र विभागलाई सूचना दिनुपर्दछ । अन्यथा मेशिन ठीक छ भन्ने सम्झिने छ ।

१४. उद्योगहरूले पालन गर्नुपर्ने शर्त:– (१) जबसम्म मेशिनको पूरा मूल्य तथा सूद र अन्य खर्च विभागलाई प्राप्त हुने छैन ती मेशिनको पूर्ण अधिकार विभागमा रहने छ र मञ्जूरीनामाको हरेक शर्त लागू हुने छ । विभागको पूर्व स्वीकृति विना यस प्रकारको मेशिन बच विखन तथा तोकिएको ठाउँभन्दा अन्य ठाउँमा सार्न पाउने छैन । ती मेशिनबाट उद्योगहरूले काम लिनुपर्नेछ र त्यसै राख्न पाउनेछैन । ती मेशिनलाई ठीकसंग राख्नु पनि उनीहरूको कर्तव्य हुनेछ ।

(२) उद्योगहरूले आफूले प्राप्त गरिसकेका मेशिन पनि उप-समितिको पूर्व स्वीकृति विना बेच विखन गर्न पाउने छैन ।

१५. बिमा गराउनुपर्ने:– उद्योगहरूले उप-समितिको निर्देशानुसार मेशिनको बिमा (आगो, चोरी इत्यादिको) गराउनुपर्नेछ र यस प्रकारको बिमाको हकदार समिति हुनेछ । उद्योगहरूले निर्देशानुसार बिमा नगरेमा समिति स्वयं आफैले गराउने छ र लागेको खर्च प्राप्त कर्ताले व्यहोर्नुपर्नेछ ।

१६. थप म्याद:– उद्योगहरूबाट समयभित्र किस्ताको रुपैयां असूल हुन नसक्ने भएमा समितिले मेशिन जफत गर्न सक्नेछ तर समितिले चाहेमा सयकडा डेढ रुपैयां बढाई सूद लिएर ६ महीनासम्म म्याद थप गर्न सक्नेछ ।

१७. उद्योगहरूको सहुलियतको निमित्त झिकाइने मेशिनसम्बन्धी:– विभागले विभिन्न किसिमका मेशिनहरू उद्योगहरूको सहुलियतको निमित्त झिकाइएमा विभागले सो मेशिन सम्बन्धी गरिदिएको मूल्यांकन (कष्टिङ्ग) उद्योगहरूलाई मान्य हुने छ र ढुवाई, बिमा सबै किसिमको कर--भन्सार तथा अन्य खर्च भएमा उद्योगहरूबाटै असूल उपर गरिने छ ।

१८. कमिशन वा रियायत:– मेशिन निर्माता वा वितरण कर्ता (डिष्ट्रिब्यूटर) द्वारा प्राप्त हुने कुनै पनि प्रकारको कमिशन वा रियायत दरखास्तवाला उद्योगहरूलाई मिल्नेछ ।

१९. मेशिनको सम्पूर्ण मालिक बन्न सक्ने:– हायर पर्चेजमा प्राप्त भएको मेशिनहरू उद्योगले चाहेमा बांकी रकम एक मुष्ट चुक्ता गरी मेशिनको सम्पूर्ण मालिक बन्न सक्नेछ ।

२०. उप-समितिको विघटन:– उप-समितिलाई समितिले चाहेमा जुनसुकै बखत विघटन गर्न सक्नेछ ।

आज्ञाले–
कृष्णबम मल्ल
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।